# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: प्रदेश नं ५ मा सुशासन प्रवर्द्धन सम्वन्धी दोस्रो चरणको गोष्ठी ।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले प्रदेश नं. ५ अन्तर्गतका बर्दिया, बाँके, दाङ, रोल्पा र रुकुम पुर्व जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरु समेत १११ जनाको सहभागितामा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भुमिका विषयक एक दिवसीय गोष्ठि मिति २०७५/१/२८ शुक्रवार नेपालगंजमा सम्पन्न भएको छ ।

स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको उक्त गोष्ठीको अध्यक्षता आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङले गर्नुभएको थियो भने प्रमुख आतिथ्यता माननीय आयुक्त डा. गणेशराज जोशीले गर्नुभएको थियो ।

प्रमुख अतिथिका रुपमा रहनु भएका माननीय आयुक्त डा.जोशीले स्थानीय तह र प्रदेशका जन प्रतिनिधि र कर्मचारीहरुले उच्च मनोवल र इमान्दारिताका साथ कार्य सम्पादन गर्नुपर्दछ भन्दै आगामी दिनमा भ्रष्टाचारजन्य उजुरीहरुमा कमी आउने गरी विकास निर्माण एंवम् प्रशासनिक र व्यवस्थापकीय कार्यहरु पारदर्शी र गुणस्तरीय ढङ्गबाट सम्पादन गर्न समेत सुझाव दिनुभयो ।

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोगसँग समन्वय, सहकार्य गर्न स्थानीय जनप्रतिनिधिहरुलाई आग्रह गर्दै उहाँले नैतिकता, सदाचार, इमान्दारिता, पारदर्शिता र व्यवसायिकता कायम राखेर आफ्नो जिम्मेवारी दायित्व पूरा गर्न आग्रह गर्नुभयो ।

कार्यक्रमको समापन गर्दै आयोगका आयुक्त डा. सावित्री थापा गुरुङले संघीय संरचनामा जनताले चाहे बमोजिमको सेवा सुविधा र विकासका कार्य सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभुति दिलाउन पारदर्शी, इमान्दारी र जवाफदेही हिसावले काम गर्न जनप्रतिनिधिहरुलाई आग्रह गर्नुभयो ।

आफूलाई प्राप्त भएको अधिकार र स्रोत साधनको दुरुपयोग नगरी संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्ने कार्यमा लाग्न कर्मचारीहरुलाई आग्रह गर्दै माननीय आयुक्त डा. गुरुङले प्राकृतिक स्रोत साधनको संरक्षण गर्न, भ्रष्टाचारजन्य कसुर र अनियमितताको सम्बन्धमा आयोगलाई जानकारी गराएर अनुसन्धान कार्यमा सहयोग गर्न समेत सबैलाई अनुरोध गर्नुभयो ।

उक्त एक दिवसीय कार्यक्रममा आयोगका सहन्यायाधिवक्ता हरिप्रसाद जोशीले सार्वजनिक पदमा रहेका व्यक्तिहरुसँग आयोगको अपेक्षा र सदाचारयुक्त संस्कृति र शून्य सहनशिलताका लागि अपनाइने रणनीति तथा आयोगका सहसचिव ज्ञानेन्द्र पौडेलले भ्रष्टाचारको प्रवृति विश्लेषण भ्रष्टाचार नियन्त्रणको आवश्यकता र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

यसै गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव डा. हरि पौडेलले सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका, स्थानीय तहमा सुशासन प्रवर्द्धनका क्षेत्र र रणनीति विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले उठाएका जिज्ञाशाहरुको बारेमा माननीय आयुक्त डा. गणेशराज जोशी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव डा. हरि पौडेलले जवाफ दिनुभएको थियो ।

यस किसिमको गोष्ठी प्रदेश नं. १ को विराटनगर र प्रदेश नं. २ को वीरगञ्ज र जनकपुर तथा प्रदेश नं. ३ को काठमाडौं, प्रदेश नं. ४ को पोखरामा र प्रदेश नं. ५ को वुटवलमा सम्पन्न भइसकेको छ । यसैगरी ६ नं. प्रदेशको सुर्खेतमा आगामी जेठ १० र ११ गते तथा सात नं. प्रदेशको धनगढीमा जेठ १३ र १४ गते हुदैंछ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता